# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, **Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक २५ गते

## वार्ता र संवादको ढोका खुला राख : आयोग

राष्ट्रिय मानव अधिकार आयोगका कायम मुकाय सचिव वेदप्रसाद भट्टराई सम्मिलित आयोगको एक टोलीले नेकपा-माओवादीका सचिव देव गुरुङलाई आज बुद्धनगरस्थित नेकपा-माओवादीको केन्द्रीय कार्यालयमा भेटेर सर्वासाधारणको जीवन कष्टकर हुने गरी बन्दलगायत कार्यक्रम अघि नसार्न आग्रह गरेको छ ।

यस क्रममा आयोगको टोलीले संविधानसभा सदस्यको निर्वाचन पश्चात पनि मुलुकलाई थप द्वन्द्वको अवस्थामा धकेलिने परिस्थिति सिर्जना हुन नदिन वार्ता, संवाद र सहमतिबाटै समस्या समाधान गर्न अग्रसर हुन नेकपा-माओवादीलाई आग्रह गरेको छ ।

यसै क्रममा नेकपा-माओवादीका सचिव देव गुरुङले निर्वाचनमा सहभागी हुने वा नहुने कुरा लोकतान्त्रिक अधिकार भएकोले आफूहरूले सोही अनुरुप शान्तिपूर्ण रूपमा विरोधका कार्यक्रम सञ्चालन गरिरहेको बताउँदै मानव अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा आयोगको टोलीले वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोजी मानव अधिकारको उच्च सम्मान गर्न नेपाल सरकार, राजनीतिक दल एवं सम्बद्ध सबै पक्षहरूलाई निरन्तर ध्यानाकर्षण गरिरहेको स्मरण गरायो ।

(वेदप्रसाद भट्टराई)

कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org